# करैयामाई गाउँपालिका स्तरीय सल्लहकार समिति गठन तथा परियोजना अभिमुखिकरण सम्पन्न



नेपालको प्रदेश नं. २ को खास गरी बारा जिल्लामा किशोरीहरुको लागि सबैभन्दा बढि निरक्षरता, असंख्य ज्ञान, र उमेर नपुगी हुने विवाहको उच्च दर जिल्ला हो । यस्ता किशोरी जो विद्यालय बाहिर रहेका छन् वा कुनै कारणवस बीचमै विद्यालय छोडेर बसी रहेका छन् उक्त किशोरीहरुको लागि यो "आरम्भ" परियोजना सन्चालन गरिएको छ । GEC/UKAID को आर्थिक सहयोगमा संचालित यो परियोजना पिपुल इन निड नेपाल, आसमान नेपाल तथा सामाजिक संस्था जिल्ला समन्वय समितिले संयुक्तरुपमा कार्यान्वन गरीरहेका छन् । विगतका वर्षहरुमा बारा जिल्लाको देवताल गाउँपालिका, सुवर्ण गाउँपालिका, आदर्श कोतवाल गाउँपालिका तथा पचरौता नगरपालिकामा परियोजना कार्यान्वयन गरिएकोमा यस वर्ष बारा जिल्लाको बारागढी गाउँपालिका तथा करैयामाई गाउँपालिकामा संचालन भैरहेको कुरा आरम्भ परियोजनाका संयोजक रामसुरेश ठाकुरले प्रस्तुत गर्नु भयो ।



परियोजना कार्यान्वयनको क्रममा आरम्भ परियोजना बारे स्थानिय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाइ विस्तृत जानकारी प्रवाह गर्न साथै पालिका स्तरीय परियोजना सल्लहकार समिति गठन गर्ने उद्देश्यले पालिका स्तरिय परियोजना अभिमुखिकरण कार्याक्रम आयोजना गरियो । कार्यक्रममा साझेदार संस्थाहरुको (पीन नेपाल, आसमान नेपाल र सामाजिक संस्था जिल्ला समन्वय समिति) संक्षिप्त परिचय,आरम्भ परियोजनाको विस्तृत जानकारी, पालिकाको अवस्था ( जनसांख्यीक विवरण, साक्षरताको अवस्था), आगामी कार्ययोजना बारे छलफल तथा जानकारी,स्थानीय परियोजना तथा सल्लाहकार समिति गठनको काम तथा कर्तव्य बारे जानकारी लगायत स्थानीय परियोजना तथा सल्लाहकार समिति गठन प्रकृया, समितिको संरचना तथा गठन हुने सल्लाहकार समितिको काम कर्तव्य तथा अधिकार बारे आसमान नेपालका बारा जिल्ला संयोजक राम सुरेश ठाकुरले विस्तृत रुपमा प्रस्तुत गर्नु भयो ।



स्थानीय तहबाट परियोजनाको आवश्यकता अनुसार समय समयमा अनुगमन गरि, कार्यक्रमको समिक्षा गर्न र आगामी सुधार योजना तयार गर्नका लागि यो समिति गठन गरिएको हो । यसले परियोजनालाई थप प्रभावकारी गर्न मद्दत गर्दछ । यसरी गठित पालिका स्तरीय सल्लाहकार समितिले परियोजन अवधिभरी प्राविधिक सहयोग गर्ने, अनुगमन तथा मूल्याकंन गर्ने, परियोजनाको प्रभावकारी कार्यान्वयन र सुधारको लागि नेतृत्व एवं समन्वय गर्ने,परियोजनालाई नियमित सुझाव सल्लाह दिने,परियोजनाको प्रगति प्रतिवेदन र चुनौतिहरु अवगत र समाधान गर्न सहयोगी भुमिका निवार्ह गर्ने, परियोजनाको दिगोपनको लागि (किशोरिहरुको शिक्षामा लगानी, योजना तर्जुमा समावेश आदि) पहल गर्ने तथा पालिकामा गठन हुने सामुदाय, विद्यालय तथा पालिका स्तर "बालिका शिक्षा संञ्जाल" गठन गर्न, संचालन, परिचालन आदिमा आवश्यक सहयोग गर्नेछन् भने कुरा संयोजक ठाकुरले बताउनु भयो ।



करैयामाई गाउँपालिकाको अध्यक्ष श्री **भुनेश्वर धामी** ज्यूको अध्यक्षतामा गठित सल्लहकार समितिमा पालिकाका उपाध्यक्षमा श्री चित्ररेखा **कुमारी** चौधरी, शिक्षा शाखा प्रमुख–संयोजकको रुपमा रहनुभएको छ । त्यस्तै सदस्यहरुमा स्वास्थ्य शाखा प्रमुख, महिला तथा बालबालिका शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख रहेका छन् भन्ने आमन्त्रित सदस्यहरुमा, प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र यादव, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य रहनुभएको छ ।

आरम्भ परियोजनाले कार्यान्वयलने करैयामाई गाउँपालिकालाई साक्षर गाउँपालिका बनाउन महत्वपूर्ण भुमिका निवार्ह गर्नेछन् । यसका लागी परियोजनाका साझेदार संस्था तथा कर्मचारी वर्गलाई धन्यवाद दिन चाहन्छु भनी प्रतिकृया पालिकाका अध्यक्ष **धामीज्यूले** आफना मन्तव्यको क्रममा भन्नु भयो ।

कार्यक्रममा पालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, निवार्चित जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुखहरु लगायत साझेदार संस्था आसमान नेपालबाट परियोजना प्रबन्धक संजिव गुप्ता, पिन नेपालका उप कार्यक्रम प्रबन्धक अनुरोध साह, शिक्षा अधिकृत रामप्रवेश यादव, सामुदायिक संलग्न अधिकृत रचना बस्नेत, अनुगमन अधिकृत बिन्दु गुरुङ्ग समेतको सहभागीता थियो ।